NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं. : NICASIA/CS/082-83/243-2
मिति : २०८३/०२/२२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय : साधारण सभाको निर्णय माईन्यूट पठाईएको वारे ।

महोदय,

उपर्युक्त विषयमा मिति २०८३/०२/१८ मा सम्पन्न यस बैंकको २८ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट) को प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

धन्यबाद ।

भवदीय,

दिनेश भारी
कम्पनी सचिव

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

संलग्न :
१. यस बैंकको अट्ठाईसौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट) १ प्रति (पाना संख्या १७) ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

# एन आई सी एशिया बैंक लिमिटेडको
# अट्ठाईसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (निर्णयको माइन्यूट)
## (पाना नं. १ देखि १७ सम्म अभिलेख)

१. **वैधानिक सभा :**

एन आई सी एशिया बैंक लिमिटेडको मिति २०८३/०१/२० (तदनुसार ३ मे २०२६) मा सम्पन्न सञ्चालक समितिको ७५७औं बैठकको निर्णयानुसार बोलाईएको अट्ठाईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु–सम्पन्न भयो ।

२. **सभा बसेको मिति, स्थान र समय :**

मिति : २०८३ ज्येष्ठ १८ गते, सोमबार (तदनुसार १ जुन २०२६) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थिति:**

१. श्री अशोक कुमार अग्रवाल - अध्यक्ष (संस्थापक समुह)
२. श्री त्रिलोक चन्द अग्रवाल - सञ्चालक (संस्थापक समुह)
३. श्री रामचन्द्र संघई - सञ्चालक (संस्थापक समुह)
४. श्री राम कृष्ण खतिवडा - स्वतन्त्र सञ्चालक
५. श्री आदित्य कुमार अग्रवाल - सञ्चालक (सर्वसाधारण समुह)
६. श्री केशव प्रसाद लम्साल - सञ्चालक (सर्वसाधारण समुह)
७. श्रीमती अनुपा प्रधान राजभण्डारी - सञ्चालक (सर्वसाधारण समुह) (भिडियो कन्फरेन्स मार्फत)

**पदाधिकारीहरुको उपस्थिति :**

१. श्री सुजित कुमार शाक्य - प्रमुख कार्यकारी अधिकृत
२. श्री सन्तोष कुमार राठी - नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री दिनेश भारी - प्रमुख कानुन अधिकृत/ कम्पनी सचिव
४. श्री रुपेश लुईंटेल - प्रमुख वित्तीय अधिकृत
५. श्री सन्जिस अर्याल - प्रमुख आन्तरिक लेखापरीक्षण विभाग



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

3045438

साथै, बाह्य लेखापरीक्षक श्री पि. के. एफ. टि. आर. उपाध्या एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्सका प्रतिनिधी श्री सुजन बाबु तिवारी, तथा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी प्रमुख कार्यकारी अधिकृत श्री रामेन्द्र रायमाझी समेतको उपस्थिति रहेको थियो ।

## ४. सभाको सूचना तथा आवश्यक विवरण:

अट्ठाईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना मिति २०८३।०१।२२ को राष्ट्रिय दैनिक पत्रिका 'कारोबार' मा तथा मिति २०८३।०२।१४ गतेको राष्ट्रिय दैनिक पत्रिका 'आर्थिक अभियान' मा प्रकाशित गरिनुका साथै बैंकको वेबसाईटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो ।

साधारण सभा बस्ने बारेको सूचना तथा आर्थिक वर्ष २०८१/८२ को आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा समेत पठाइएको थियो ।

## ५. सभामा भएका छलफलका विषयहरु :

### छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार संस्थापक शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री तुलसीराम अग्रवालज्यूले मिति २०८२/०९/०४ मा सञ्चालक तथा अध्यक्षको पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/०६ मा सम्पन्न सञ्चालक समितिको ७४२औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/०९ मा सम्पन्न सञ्चालक समितिको ७४३औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट (स्थायी ठेगाना धरान वडा नं. ५, सुनसरी) निवासी श्री अशोक कुमार अग्रवालज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।
६. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री गणेश मान श्रेष्ठज्यूले मिति २०८२/०९/१८ मा सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/२० मा सम्पन्न सञ्चालक समितिको ७४६औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/२९ मा सम्पन्न सञ्चालक समितिको ७४७औं बैठकको निर्णयानुसार निजको बाँकी



3045433

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

कार्यकालको लागि ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १० निवासी श्री अनुपा प्रधान राजभण्डारीज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

७. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

## (ख) विशेष प्रस्ताव

१. प्रचलित कानून एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको तत्काल कायम रहेको साधारण शेयरको चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) को २:१ अनुपातमा रु. ७,४५,८७,८३,५००/- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रुपैयाँ) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपी एक सय रुपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैतीस) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै, हकप्रद शेयर जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

२. बैंकको साविक अधिकृत पूँजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३८,००,००,०००/- (अक्षरेपी सत्ताईस अर्ब अड्तीस करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रवन्धपत्रमा/नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रबन्धपत्र/नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायहरुबाट कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ कमलादी, प्रज्ञा मार्ग ५१ मा अवस्थित बैंकको आफ्नै भवनमा कायम गर्ने ।

## (ग) विविध ।



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045440

६. **साधारण सभामा शेयरधनीहरुको उपस्थिति :**

| कुल शेयर संख्या | स्वयं उपस्थित सेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित सेयरधनी संख्या | जम्मा उपस्थित सेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| १४,९१,७५,६६९ | ७७२ | २८४ | १,०५६ | ८,४६,६१,६०९ | ५६.७५% |

## ७. गणपुरक संख्या एवम् साधारण सभाको बैधानिकता :

सभाको प्रारम्भमा कम्पनी सचिव श्री दिनेश भारीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा बैंकको नियमावली बमोजिम बोलाइएको र यस सभामा बैंकको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा स्वयं उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा बैंकको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा यस २८औं वार्षिक साधारण सभा बैधानिक रहेको घोषणा गर्नुभयो ।

## ८. सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :

साधारण सभा वैधाानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका बैंकका कम्पनी सचिव श्री दिनेश भारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम ४(७) बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । तत्पश्चात् बैंकका सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका पदाधिकारीज्यूहरु, विभिन्न निकायका प्रतिनिधी लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात् अध्यक्षज्यूबाट दीप प्रज्वलन गरी राष्ट्रिय गान बजाई सभा विधिवत रुपमा प्रारम्भ भयो ।

## ९. अध्यक्षज्यूको मन्तव्य :

कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न अनुसूची-१ (पाना संख्या २) बमोजिमको मन्तव्य राख्नुभयो ।

## १०. मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान

कार्यक्रम संचालनकर्ताले सभामा प्रस्तुत प्रस्तावहरु उपर छलफलको लागि आह्वान गर्नुभए पश्चात् निम्नलिखित शेयरधनी महानुभावहरुले आ-आफ्नो तर्फबाट मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नुभयो :



Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045441

NIC ASIA
एन आई सी एशिया बैंक लि.

१. श्री जगन्नाथ आचार्य
२. श्री उत्तम दत्त पाण्डे
३. श्री भेषराज भण्डारी
४. श्री शत्रुघ्न श्रेष्ठ
५. श्री भक्ति प्रसाद उप्रेती
६. श्री सुधिर श्रेष्ठ
७. श्री इन्द्र प्रसाद लामिछाने
८. श्री उद्धव घिमिरे
९. श्री बैजुनाथ रौनियार
१०. श्री व्यास कुमार शर्मा
११. श्री रामकाजी रञ्जित
१२. श्रीमती निरुपमा गुप्ता

**छलफलका क्रममा सहभागी शेयरधनी वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको उठेका मुख्य मुख्य विषयहरुको सारांश :**

**श्री जगन्नाथ आचार्य**

हाल बैंकिङ्ग व्यवसायको विषम परिस्थितीलाई मध्यनजर गर्दै निष्कृय कर्जा बढेकोमा कर्जा असुलीमा जोड दिन सुझाव दिनुभई असुलीमा संलग्न कर्मचारीको सुरक्षाको प्रवन्ध मिलाउन बैंकलाई आग्रह गर्नुभयो । विगत २ वर्षदेखि बैंकले लाभांश दिन नसकेकोमा दुःख व्यक्त गर्दै साधारण सभा शान्त सौहार्द्र, भव्य र सभ्य रुपमा सञ्चालन होस् भन्ने कामना गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री उत्तम दत्त पाण्डे**

नयाँ अध्यक्ष र नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त हुनुभएकोमा बधाई ज्ञापन गर्दै सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नुभयो । कर्मचारीहरुलाई एकजुट पारेर बैंकलाई अगाडि बढाउन सुझाव दिँदै आ.व. २०८१/८२ मा देशको आर्थिक स्थिति कमजोर रहेको, तरलता बढी रहेको, व्याजदर ओरालो लागेको, लगानीयोग्य रकम बढीरहेको तथा बैंकहरुको निष्कृय कर्जा अधिक रहेकोमा निष्कृय कर्जा व्यवस्थापनमा बैंक सजग हुन र व्यवस्थापन खर्च घटाउन सुझाव दिनुभयो । सञ्चालक समितिको बैठक संख्या घटाउन आग्रह गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री भेषराज भण्डारी**

नयाँ अध्यक्षज्यू  र नयाँ कार्यकारी प्रमुखज्यूबाट बैंकले राम्रो नतिजा प्राप्त गर्ने आशा प्रकट गर्नुभयो । समीक्षा वर्ष २०८१/८२ मा बैंकको वितरणयोग्य मुनाफामा गिरावट भएकोले लाभांशको प्रस्ताव नआएकोमा गुनासो गर्दै समयमै उपयुक्त रणनीति बनाएर अगाडि बढ्न आग्रह गर्नुभयो । बैंकको आर्थिक अवस्थामा सुधार गर्न एवं तोकिएको समयमा साधारण सभा सञ्चालन गर्न सुझाव दिंदै एवं संस्थागत सुशासन कायम गर्न र खराब कर्जा व्यवस्थापन गर्न समेत आग्रह गर्नुभयो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045442

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री शत्रुघ्न श्रेष्ठ**

बैंक स्थापना भएको २८ वर्ष पुगेको र बैंकले स्थापना कालदेखि पटक पटक बोनस शेयर र नगद लाभांश दिएको सम्झना गर्दै सम्पूर्ण वाणिज्य बैंकहरुको निष्कृय कर्जा बढ्दै गएकोमा दुःख व्यक्त गर्दै प्रतिकुलताका बाबजुद बैंकले चुनौतिहरुको सामना गरिरहेको र व्यवसायिक केही सूचकहरुमा बैंक अझैपनि Top Position मा रहेकोमा खुसी व्यक्त गर्नुभयो । आगामी बर्षहरुमा लाभांश पाउने अपेक्षा गर्दै कर्जा असुलीलाई Fast Track मा सञ्चालन गर्न तथा कर्जा नोक्सानी व्यवस्था घटाउन आग्रह गर्दै जलविद्युत परियोजना र कम जोखिम भएका क्षेत्रहरुमा कर्जा प्रवाह गर्न सुझाव दिँदै ग्राहकको सुचनाको सुरक्षाको लागि अधिकतम मापदण्ड कायम गर्न आग्रह समेत गर्नुभयो ।

**श्री भक्ति प्रसाद उप्रेती**

वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्दै निक्षेप रकम आ.व. २०८०/८१ मा भन्दा २०८१/८२ मा घट्नुको साथै बैंकको वित्तीय सूचकहरु असन्तोषजनक भएकोमा सुधार गर्न सुझाव दिनुभयो । सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्थालाई पनि सुधार गर्न आग्रह गर्दै नयाँ प्रमुख कार्यकारी अधिकृतज्यूले नयाँ तरिकाबाट व्यवस्थापन गर्नुहुने र बैंकको सुधार हुने आशा समेत गर्दै कर्जा असुलीमा ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो ।

**श्री सुधिर श्रेष्ठ**

शेयरधनीहरुको आशा अनुरुप लाभांश दिन नसक्नुमा बैंकले आक्रामक रुपमा शाखा विस्तार गर्नु मुख्य कारण रहेको धारण व्यक्त गर्नुभई बैंकलाई कर्जा असुलीमा विशेष ध्यान दिन आग्रह गर्नुभयो । बैंकको सञ्चालन खर्च बढेको हुनाले व्यवस्थापन खर्च र सञ्चालन खर्च घटाउन आग्रह गर्दै बैंकले ख्याती कमाउन सकोस् र लाभांश दिन सकोस् भन्ने आशा व्यक्त गर्दै बैंकको उत्तरोतर प्रगतिको कामना गर्नुभयो ।

**श्री इन्द्र प्रसाद लामिछाने**

कर्जा नोक्सानी व्यवस्था कम गर्नको लागि रणनीति बनाएर अगाडि बढ्न तथा संस्थागत सुशासन कायम गर्न आग्रह गर्दै हकप्रद शेयरबाट आउने रकमलाई सही सदुपयोग गर्न र खर्चमा मितव्ययीता अपनाउन समेत सुझाव दिनुभयो । यस साधारण सभाबाट निर्वाचित हुने सञ्चालकहरुले बैंकको अवस्थाको गाम्भीर्यतालाई बुझेर बैंकलाई सबल र सुदृढ बनाउनु हुनेछ भन्ने अपेक्षा गर्दै बैंकको प्रगतिको कामना गर्दै मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री उद्धव घिमिरे**

बैंकलाई शेयरधनीहरुलाई लाभांश दिने गरी कार्य गर्न आग्रह गर्दै बैंकको वासलातको आकार र मुनाफा घटेकोमा चिन्ता व्यक्त गर्नुभयो । २:१ अनुपातमा हकप्रद शेयर जारी गर्न लागेकोमा बैंकलाई धन्यवाद दिँदै यो कदम स्वागत योग्य रहेको विचार व्यक्त गर्दै बैंकको कर्मचारी सम्बन्धी नीतिहरुमा सुधार गर्न, पूँजी पर्याप्तता सुधार गर्न तथा व्यवस्थापनको धारणालाई समेत बैंकमा उपयुक्त स्थान दिन सुझाव दिनुभयो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045443

**श्री बैजुनाथ रौनियार**
बैंकले २:१ अनुपातमा हकप्रद शेयर जारी गर्न लागेकोमा खुसी जाहेर गर्नुभयो। आ.व. ८१/८२ मा शेयरधनीहरुले लाभांश लिन नपाएकोमा गुनासो व्यक्त गर्दै बढ्दो निष्कृय कर्जा, सञ्चालन खर्च र गैर बैंकिङ्ग सम्पत्ति विक्रीमा ढिलाई भैरहेको हुँदा यसलाई सुधार गर्न विशेष ध्यान दिन आग्रह गर्नुभयो । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरेको तथा जलविद्युत आयोजनामा लगानी गर्न शुरु गरेकोमा सन्तुष्टि व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दै आफ्नो मन्तव्य टुङ्याउनुभयो ।

**श्री व्यास कुमार शर्मा**
बैंकमा नयाँ अध्यक्षज्यू र नयाँ प्रमुख कार्यकारी अधिकृतज्यू अनुभवी रहनु भएकोले भविष्यमा राम्रो नतिजा हासिल गर्नेमा आफू आशावादी रहेको बताउँदै अधिकांश बैंकहरु खराब कर्जाको समस्याबाट गुज्रिरहेकोमा सबै बैंकहरुको आगामी वर्ष आउने विवरणहरु निराशाजनक हुन सक्ने विषय औंल्याउदै बैंकले लिलाम गरेको सम्पत्तिहरु विक्री गर्न कठीन अवस्था रहेको हुँदा हकप्रद शेयर चाँडो भन्दा चाँडो जारी गर्न आग्रह गर्नुभयो । साथै खराब कर्जा सुधार गर्नको लागि रणनीति बनाइ अघि बढ्न तथा कर्मचारीहरुको मनोबल वृद्धि गर्ने कार्यक्रम ल्याउन बैंकलाई सुझाव दिनुभयो ।

**श्री रामकाजी रञ्जित**
बैंकले २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्न लागेकोमा सो को सराहना गर्दै बैंक व्यवस्थापनलाई सकारात्मक सोच राख्न आग्रह गर्दै अझ राम्रो सँग बैंकको व्यवस्थापन गर्न आग्रह समेत गर्नुभयो ।

**श्रीमती निरुपमा गुप्ता**
असल ऋणीहरुलाई कर्जा प्रवाह गर्न आग्रह गर्दै कर्जा असुली कार्य विवेकपूर्ण तरिकाले गर्न आग्रह गर्नुभयो । बैंकको वितरणयोग्य मुनाफा ऋणात्मक रहेको एवं निष्कृय कर्जा बढेकोमा चिन्ता व्यक्त गर्दै शेयरधनीलाई लाभांश दिनेगरी कार्यसम्पादन गर्न आग्रह गर्दै बैंकले प्रदान गर्ने डिजिटल सुविधाहरु वृद्धि गर्न समेत आग्रह गर्नुभयो । साथै, युवा, महिला तथा साना-मझौला व्यवसाय लक्षित कर्जाहरु प्रवाह गर्न सुझाव दिँदै बैंकमा वित्तीय समावेशिता कायम गर्न समेत सुझाव प्रदान गर्नुभयो ।

**देहायका शेयरधनीहरुले लिखित रुपमा व्यक्त गर्नुभएको सुझावका मुख्य मुख्य विषयको सारांश:**

**श्री लक्ष्मण बहादुर श्रेष्ठ**
हकप्रद शेयर जारी गर्ने प्रक्रिया छिटो सम्पन्न गरी शेयर निष्काशन गर्न सुझाव दिनुभई बैंकले आ.व. २०८१/८२ मा लाभांश वितरण नगरेता पनि आगामी आर्थिक बर्षमा लाभांश प्रदान गर्नेमा आशावादी रहेको र बैंकको वार्षिक साधारण सभा समयमै संचालन गर्न सुझाव दिनुभयो । नवगठित सञ्चालक समितिलाई शुभकामना व्यक्त गर्दै खर्चमा मितव्ययीता अपनाउन सुझाव दिँदै साधारण सभाको सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो ।

**श्री कृष्ण प्रसाद अधिकारी**
बैंकले ढिला वार्षिक साधारणसभा गरेकोमा गुनासो व्यक्त गरी सञ्चालक समितिको बैठक धैरै बसेकोमा असन्तुष्टी व्यक्त गर्दै खर्चमा मितव्ययीता ल्याउन आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । संक्षिप्त प्रतिवेदन छपाउँदा खर्च कम हुने सुझाव दिंदै लाभांशको विषयमा जिज्ञासा राख्दै बैंकको दिन दुगुना रात चौगुना प्रगति होस् भनी शुभकामना दिनुभयो ।

**श्री रामजी प्रसाद पण्डित**
सभामा आफ्नो विचार राख्न पाउँदा खुशी प्रकट गर्नुहुदै बैंकले विगत दुई बर्ष देखि लाभांश वितरण नगरेकोमा आगामी वर्षमा लाभांश प्राप्त गर्ने आशा प्रकट गर्नुभयो । बैंकको शाखाहरु धेरै भएकोमा यसलाई कम गर्न सुझाव दिंदै Impairment charge घटाउन र नाफा बढाउन बैंकको नाममा रहेका गैर बैंकिङ्ग सम्पत्तिहरु विक्री गर्न सुझाव दिनुका साथै बैंकको गठन हुन लागेको नयाँ सञ्चालक समितिलाई शुभकामना समेत दिनुभयो ।

**श्री नरसिहं लाल चख्खु**
हकप्रद शेयर सम्बन्धी प्रस्तावको सराहना गर्दै Retained Earnings र Distributable Profit सकारात्मक नभएसम्म लाभांश बाँड्न नसकिने भएकोले व्यवस्थापनलाई सचेत भई अगाडी बढ्न आग्रह गर्नुका साथै खुद व्याज आम्दानीलाई अझ सुधार गर्दै जान र खर्च नियन्त्रण गर्न बैंकलाई सुझाव दिनुभयो ।

**श्री युगल बसेल**
सर्वप्रथम बैंकले २:१ अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पेश गरेकोमा सो को स्वागत गर्दै धन्यवाद दिनुभयो । बैंकले सञ्चालन खर्च घटाउन प्रयत्न गरेको विषय सकारात्मक रहेको व्यक्त गर्नुहुदै ऋण असुलीमा जोडबल गर्न, ऋण प्रवाह गर्दा सावधानी अपनाउन, लगानीको नयाँ क्षेत्र पहिचान गर्न, खर्च कटौती गर्न, व्यवस्थापनमा जवाफदेहिताको सुनिश्चित गर्न, व्याज आम्दानी र अन्य आम्दानी बढाउने प्रयत्न गर्न समेत सुझाव दिनुभयो ।

**श्री सुदिप श्रेष्ठ**
आ.व. २०७९/८० पश्चात् बैंकका शेयरधनीहरुले केही प्रतिफन नपाएको गुनासो गर्नुहुँदै बैंक घाटामा रहेको र आगामी ५ बर्षसम्म प्रतिफल नपाउने देखिएको विचार व्यक्त गर्नुभयो । विगतमा बैंकले व्यापक रुपमा कर्जा विस्तार गरेको तर सो बमोजिम समयमा व्याज प्राप्त गर्न नसकेकोमा शाखा कम गर्न, खर्च व्यवस्थापनमा व्यापक सुधार गर्नुका साथै कर्जाको साँवा व्याज आक्रमक रुपले असुली गर्न बैंकलाई सुझाव दिनुभयो । बैंकको उत्तरोतर प्रगतिको कामना गर्दै आफ्नो लिखित मन्तव्य अन्त्य गर्नुभयो ।

**श्री गुणराज भट्ट**
साधारणसभा गर्न केही विलम्ब भएकोमा आगामी साधारण सभा पौष मसान्त भित्रै होस् भनी सुझाव गर्नुभयो । बैंकले आफ्नै भवन निर्माण गरी केन्द्रीय कार्यालय सञ्चालन गरेकोमा खुसी व्यक्त गर्दै निष्कृय कर्जा घटाउन, आगामी वर्ष लाभांश वितरण गर्ने गरी कार्य गर्न, गैर बैंकिङ्ग सम्पत्तिहरु यथाशीघ्र विक्री गर्न, गुणस्तरीय धितो लिई कर्जा प्रवाह गर्न, कर्जा असुलीको लागि कार्ययोजना तयार गर्न लगायतका सुझावहरु दिनुभयो । ५०% हकप्रद शेयर जारी गर्ने कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गर्न आग्रह समेत गर्नुभयो ।



ISO 9001 Certified Bank
3045445
**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**श्री ब्रम्ह देव शाक्य**

बैंकले जारी गर्न लागेको २:१ अनुपातको हकप्रद शेयर खरिद गर्न सबैलाई आग्रह गर्नुभयो। कमलादी, काठमाडौंमा आफ्नै भवन निर्माण गरी कार्य सञ्चालन शुरुवात गरेकोमा बैंकको सराहना गर्नुभयो । बैंकको सहायक कम्पनीहरुको कारोबार सन्तोषजनक रहेता पनि कार्य क्षेत्र अझ फराकिलो बनाउन सुझाव दिनुभयो। छ महिना भित्र साधारण सभा बोलाउनु पर्नेमा केही ढीला भएकोमा आगामी वर्ष समयमै सभा बोलाउन आग्रह गर्नुभयो। कर्जा नोक्सानी व्यवस्था गर्नु पर्नाले बैंकले घाटा व्यहोर्नु परेकोमा निष्कृय कर्जा असुल गर्न सके बैंकले नाफा गर्न सकिने देखिएकोले असुलीमा विशेष पहल गर्न सुझाव दिनुभयो। साथै, यस सभाबाट निर्वाचित हुनुहुने सञ्चालकज्यूहरुलाई शुभकामना दिँदै वहाँहरुलाई बैंकको हितमा काम गर्न आग्रह गर्नुका साथै यस सभाको सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो।

**श्री चन्द्र नारायण श्रेष्ठ**

बैंकको वार्षिक साधारणसभा आ.व. २०८२/८३ भित्रमा नै सम्पन्न गर्न सकेकोमा बैंकलाई धन्यवाद ज्ञापन गर्नुभयो । Retained Earning सकारात्मक हुना साथ शेयरधनीहरुलाई प्रतिफल प्राप्त हुने भएकोले धैर्यताका साथ व्यवस्थापनलाई सहयोग गर्न शेयरधनीहरुलाई आह्वान गर्नुभयो। संस्थाको पूँजी पर्याप्तता अनुपात कायम नभएमा व्यवसाय विस्तार गर्न असहज हुने हुनाले हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपयुक्त रहेको विचार व्यक्त गर्दै साधारण सभाको सफलताको कामना समेत व्यक्त गर्नुभयो।

**श्री सुरेन्द्र चिमौरिया**

बैंक एक उत्कृष्ट, अग्रणी वाणिज्य बैंक मध्येको रहेको र यस साधारण सभामा २:१ अनुपातमा हकप्रद शेयर जारी गर्न लागेकोमा धन्यवाद ज्ञापन गर्नुहुदै सञ्चालक समितिमा विज्ञ व्यक्तिहरु लामो अनुभव भएका कार्यकारी प्रमुखको आगमन भएकोमा बैंकको उन्नति र प्रगतिको अधिक सम्भावना रहेको विचार व्यक्त गर्नुभयो। बैंकको वित्तीय विवरणलाई विश्लेषण गर्दा बैंकको अवस्था कमजोर देखिएकोमा समयमानै सुधार गर्न प्रयत्न गर्नुपर्ने र बैंकको जोखिम घटाउँदै जानुपर्ने सुझाव दिँदै साधारणसभाको सफलताको शुभकामना दिनुभयो।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर जवाफ दिनका लागि अध्यक्षज्यूले दिनुभएको समष्टिगत प्रत्युत्तरको सारांश :**

आफ्नो मन्तव्य जिज्ञासा सुझावहरु प्रदान गर्नुभएकोमा सम्पूर्ण वक्ता शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो। विगत २ वर्ष देखि लाभांश वितरण नभएको, बैंकको खर्च तथा निष्कृय कर्जा अधिक रहेको विषयमा सञ्चालकहरु पनि चिन्तित एवं गम्भीर रहेको जानकारी गराउनुभयो। निष्कृय कर्जा कसरी व्यवस्थापन गर्ने, खर्च कसरी नियन्त्रण गर्ने विषयमा बैंकको सञ्चालक समितिको गम्भीर चासो रहेको र बैंकमा खर्च नियन्त्रणका कार्यहरु सुरु भईसकेको सभालाई जानकारी गराउँदै शेयरधनी महानुभावहरुले जिज्ञासा राख्नुभएको अन्य विषयहरुको प्रत्यूत्तरको लागि प्रमुख कार्यकारी अधिकृत श्री सुजित कुमार शाक्यलाई अनुरोध गर्नुभयो।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045446

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको प्रश्न, जिज्ञासा तथा सुझाव उपर जवाफ दिनका लागि अध्यक्षज्यूले बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुजित कुमार शाक्यज्यूलाई अनुरोध गर्नुभए बमोजिम वहाँले दिनुभएको समष्टिगत प्रत्युत्तरको सारांश :**

सर्वप्रथम बैंकको अठ्ठाईसौं वार्षिक साधारण सभामा अध्यक्षता गरिरहनुभएका आदरणीय अध्यक्षज्यू, सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, नियामक निकायका प्रतिनिधीज्यूहरु, बैंकका आदरणीय शेयरधनी महानुभावज्यूहरु र समग्र सहकर्मी कर्मचारी वर्गलाई सभामा स्वागत गर्नुभयो ।

सभामा उपस्थित आदरणीय शेयरधनी महानुभावहरुलाई आफ्नो अमूल्य सुझाव प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो तथा शेयरधनीहरुको सुझावलाई बैंकको रणनीतिमा समावेश गरेर अगाडि बढ्ने विश्वास दिलाउनुभयो । देशको परिस्थितिका कारण समग्र बैंकिङ्ग उद्योगकै निष्कृय कर्जा उच्च बिन्दुमा पुगेको उजागर गर्दै सोही क्रममा यस बैंकको समेत निष्कृय कर्जा बढेको विषय सभालाई स्पष्ट पार्नुभयो । बैंकले पञ्चवर्षीय रणनीतिक योजना Strategy 2030 तयार गरेको र भविष्यमा नयाँ प्रकारका व्यवसायहरु गर्ने तर्फ अघि बढिसकेको जानकारी गराउनुभयो । खर्च कटौतीमा बैंकले अधिकतम ध्यान दिइरहेको र सोही बमोजिम आगामी आर्थिक वर्षमा संचालन खर्च घटाउने लक्ष्य लिएको सभालाई अवगत गराउनुभयो । समीक्षा अवधिमा बैंकको व्यवसाय घटेको अवस्था र वासलातको आकार समेत घटेको विषय स्मरण गराउँदै बैंकले Corporate Banking, Infrastructure Financing लगायतका नया क्षेत्रमा कर्जा लगानी गरी कर्जा विविधीकरण गर्न सुरु गरिसकेको सभालाई जानकारी गराउनुभयो । हाल बैंकलाई पूँजी पर्याप्तता अनुपात कायम गर्नु सबैभन्दा जरुरी विषय रहेको उजागर गर्दै नेपाल राष्ट्र बैंकबाट हकप्रद शेयर जारी गर्न पूर्व सहमति प्राप्त भएको र उक्त हकप्रद शेयर जारी भएपछि बैंकको वित्तीय अवस्थामा क्रमशः सुधार हुने विश्वास सभा समक्ष प्रकट गर्नुभयो ।

अन्त्यमा, यस अट्ठाईसौं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सफलता पुर्वक संचालन गर्न सहयोग गरिदिनुभएकोमा सम्पूर्ण आदरणीय शेयरधनी महानुभावहरु तथा नियामक निकायका प्रतिनिधीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आफ्नो मन्तव्य अन्त्य गर्नुभयो ।

## ११. प्रस्तावहरुको प्रस्तुति :

अध्यक्षज्यूको निर्देशन अनुसार कार्यक्रम संचालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा बैंकको आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं साधारण सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045447

NIC ASIA
एन आई सी एशिया बैंक लि.

१२. **सभाको निर्णय :**

(क) सामान्य प्रस्ताव :

१. छलफलको लागि साधारण सभामा प्रस्तुत विषयसूची (१) अन्तर्गत आर्थिक वर्ष २०८१/८२ को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूची (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर साधारण सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. विषयसूची (४) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव साधारण सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिले निर्धारण गरेको Criteria अनुसार पहिलो प्राथमिकतामा M/S S.A.R. Associates, Chartered Accountants, दोश्रोमा M/S B.R.S Neupane & Co, Chartered Accountants, तेश्रोमा M/S G.P. Rajbahak & Co, Chartered Accountants र चौथोमा M/S R.S.M.A. Associates, Chartered Accountants नियुक्त गर्न सिफारिश गरेकोमा मिति २०८२/०९/२७ मा सम्पन्न लेखापरीक्षण समितिको ३४०औं बैठकको सिफारिस बमोजिम पहिलो प्राथमिकतामा रहेको M/S S.A.R. Associates, Chartered Accountants लाई आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR), Certification of Annual Report related to Corporate Governance Directive Issued to Listed Institution-2074, कम्पनी ऐन अन्तर्गतका अन्य आवश्यक प्रतिवेदन प्रमाणित गर्ने लगायतका सम्पूर्ण आवश्यक कार्यका लागि (सो कार्यको सिलसिलामा भैपरि आउने यातायात लगायतका सम्पूर्ण खर्चहरु समेत गरी) निजलाई मूल्य अभिवृद्धि कर (VAT) सहित रु. ५२,२६,२५०/- (अक्षरेपी बाउन्न लाख छब्बीस हजार दुई सय पचास रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ साधारण सभामा पेश भएकोमा उक्त प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

3045448

NIC ASIA
एन आईं सी एशिया बैंक लि.

५. विषयसूची (५) अन्तर्गत मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार संस्थापक शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री तुलसीराम अग्रवालज्यूले मिति २०८२/०९/०४ मा सञ्चालक तथा अध्यक्षको पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/०६ मा सम्पन्न सञ्चालक समितिको ७४२औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/०९ मा सम्पन्न सञ्चालक समितिको ७४३औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट (स्थायी ठेगाना धरान वडा नं. ५, सुनसरी) निवासी श्री अशोक कुमार अग्रवालज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्नको लागि राखिएको प्रस्तावलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

६. विषयसूची (६) अन्तर्गत मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री गणेश मान श्रेष्ठज्यूले मिति २०८२/०९/१८ मा सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/२० मा सम्पन्न सञ्चालक समितिको ७४६औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/२९ मा सम्पन्न सञ्चालक समितिको ७४७औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १० निवासी श्री अनुपा प्रधान राजभण्डारीज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्नको लागि राखिएको प्रस्तावलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

७. विषयसूची (७) अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा निर्वाचन अधिकृत श्री लीलामणि पौडेलज्यूले निर्वाचन परिणाम बारे सभालाई दिनुहुदै वार्षिक साधारण सभामा संस्थापक समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक ३ जना र सर्वसाधारण समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक ३ जना गरी कूल ६ जना सञ्चालकहरुको निर्वाचन कार्यक्रम रहेको र निर्वाचन अधिकृतको कार्यालयले प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम बैंकमा निम्नानुसार ६ जना सञ्चालकहरु निर्बिरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभएको बारे सभाले जानकारी लियो ।

| | |
|---|---|
| १) श्री अशोक कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी समुह) |
| २) श्री रामचन्द्र संघई | संचालक (संस्थापक शेयरधनी समुह) |
| ३) श्री जयन्त कुमार अग्रवाल | संचालक (संस्थापक शेयरधनी समुह) |
| ४) श्री आदित्य कुमार अग्रवाल | संचालक (सर्वसाधारण शेयरधनी समुह) |
| ५) श्री केशव प्रसाद लम्साल | संचालक (सर्वसाधारण शेयरधनी समुह) |
| ६) श्रीमती अनुपा प्रधान राजभण्डारी | संचालक (सर्वसाधारण शेयरधनी समुह) |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045449

(ख) विशेष प्रस्ताव :

१. विषयसूचि (१) अन्तर्गत प्रचलित कानून एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको तत्काल कायम रहेको साधारण शेयरको चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) को २:१ अनुपातमा रु. ७,४५,८७,८३,५००/- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रुपैयाँ) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपी एक सय रुपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैतीस) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो । साथै, हकप्रद शेयर जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विषयसूचि (२) अन्तर्गत बैंकको साविक अधिकृत पूँजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३८,००,००,०००/- (अक्षरेपी सत्ताईस अर्ब अड्तीस करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. विषयसूची (३) अन्तर्गत बैंकको प्रबन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको देहाय बमोजिमको तीन महले सहितको संशोधनलाई साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो :



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045450

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लि. को प्रबन्धपत्रमा**
प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| **२.बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः**<br>(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका **वडा नं. ११ थापाथली स्थित ट्रेड टावर नेपालमा** रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्वसुचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | **२.बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानाः**<br>(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका **वडा नं. २८ कमलादी, प्रज्ञा मार्ग ५१ मा** रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्वसुचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | बैंकको आफ्नै भवनमा रजिष्टर्ड (केन्द्रीय) कार्यालय स्थानान्तरण गर्न । |
| **५. बैंकको पूँजीको संरचना**<br>१.बैंकको अधिकृत पुँजी **रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) हुनेछ । उक्त पुँजीलाई रु. १०० /- का दरको १४,९२,००,००० (अक्षरेपी चौध करोड बयानब्बे लाख) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिने छ ।** | **५. बैंकको पूँजीको संरचना**<br>१.बैंकको अधिकृत पुँजी **रु. २७,३८,००,००,०००/- (अक्षरेपी सत्ताईस अर्ब अड्तीस करोड रुपैयाँ) हुनेछ । उक्त पुँजीलाई रु. १०० /- का दरको २२,३८,००,००० (अक्षरेपी बाईस करोड अड्तीस लाख) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिने छ ।** | बैंकले हकप्रद शेयर जारी गर्न लागेको हुँदा अधिकृत पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| २.बैंकको जारी पुँजी **रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसठ्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १००/- को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र** | २.बैंकको जारी पुँजी **रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसठ्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १००/- को दरका २२,३७,६३,५०४ (बाईस करोड सैंतीस लाख त्रीसठ्ठी हजार पाँच सय चार) कित्ता साधारण** | बैंकले हकप्रद शेयर जारी गर्न लागेको हुँदा जारी पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

3045451

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | |
| ३. बैंकको चुक्ता पुँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १०० /- को दरका १४,९१,७५,६६९ (चौध करोड एकानब्बे लाख पचहत्तर हजार छ सय उनान्सत्तरी) कित्ता साधारण शेयरमा र रु. १०० /- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | ३. बैंकको चुक्ता पुँजी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) हुनेछ । सो पुँजीलाई रु. १००/- को दरका २२,३७,६३,५०४ (बाईस करोड सैंतीस लाख त्रीसट्ठी हजार पाँच सय चार) कित्ता साधारण शेयरमा र रु. १००/- का दरले ५,००,००,००० (अक्षरेपी पाँच करोड) कित्ता अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा विभाजन गरिएको छ । | बैंकले हकप्रद शेयर जारी गर्न लागेको हुँदा चुक्ता पूँजी वृद्धि गर्नुपर्ने भएकोले । |
| ७. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज: शेयर खरिद वा हस्तान्तण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :–<br><br>(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपात परिवर्तन गरिने छैन । | ७. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज: शेयर खरिद वा हस्तान्तण गर्न बन्देज सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :–<br><br>(ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपात परिवर्तन गरिने छैन । संस्थापकको स्वामित्वमा रहेको सेयर नामसारी वा खरिद गरी लिने व्यक्ति वा संस्था पनि संस्थापकको समूहमा नै रहनेछ । | नेपाल राष्ट्र बैंकबाट जारी एकीकृत निर्देशन १०/०८२ को बुँदा नं. ९ अनुरुपको व्यवस्था गर्न । |



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045452

## एन आई सी एशिया बैंक लि. को नियमावलीमा

प्रस्तावित संशोधन/थपको तीन महले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | कैफियत |
|---|---|---|
| २. **बैंकको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**<br>(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका **वडा नं. ११ थापाथली स्थित ट्रेड टावर नेपालमा** रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ । रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | २. **बैंकको रजिष्टर्ड कार्यालय रहने ठेगाना:**<br>(१) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका **वडा नं. २८ कमलादी, प्रज्ञा मार्ग ५१ मा** रहने छ, जसलाई नेपाल राष्ट्र बैंकको स्वीकृति लिई तथा कम्पनी रजिष्ट्रारको कार्यालयलाई पूर्व सूचना दिई अन्य ठाउँमा पनि सार्न सकिनेछ। रजिष्टर्ड कार्यालयले गर्ने काम कार्यवाही गर्नका लागि संचालक समितिले बैंकको कर्पोरेट अफिस वा अन्य कार्यालयलाई तोक्न सक्नेछ । | बैंकको आफ्नै भवनमा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न । |

४. विषयसूचि (४) अन्तर्गत प्रवन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा सम्वन्धित निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. विषयसूचि (५) यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ कमलादी, प्रज्ञा मार्ग ५१ मा अवस्थित बैंकको आफ्नै भवनमा कायम गर्ने विशेष प्रस्ताव पारित गरियोस् भनी निर्णयार्थ पेश भएको विशेष प्रस्ताव साधारण सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

(ग) **विविध**

विषयसूची विविध अन्तर्गत मिति २०८२/०७/०९ मा स्वतन्त्र सञ्चालक श्रीमती विजया स्वारको कार्यकाल समाप्त भएकोमा मिति २०८२/०९/२० मा सम्पन्न सञ्चालक समितिको ७४६ औं बैठकले ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका वडा नं. ४ (स्थायी ठेगाना खोपासी वडा नं. ४, काभ्रे) निवासी श्री राम कृष्ण खतिवडाज्यू (ना.प्र.नं. ५६४८७/१३३७) लाई स्वतन्त्र सञ्चालकको रुपमा ४ बर्ष कार्यकालको लागि नियुक्त गरेको सभाले जानकारी लियो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

अन्त्यमा छलफलको लागि अन्य कुनै विषय नभएकोले साधारण सभाको कार्यक्रम संचालनकर्ता कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिनुहुँदै आजको बैठक बिसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

अध्यक्षज्यूले बैंकको अट्ठाईसौं वार्षिक साधारण सभामा सहभागी भई, आफ्नो अमूल्य राय सुझाव दिई साधारण सभा सफलतापुर्वक सम्पन्न गर्न सहयोग गरिदिनुभएकोमा आदरणीय शेयरधनी महानुभावहरुलाई विशेष धन्यवाद ज्ञापन गर्नुभयो ।

साथै, आगामी दिनहरुमा पनि सबैले यस्तै साथ सहयोग र हौसला प्रदान गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, नियामक निकायका प्रतिनिधिज्यूहरु, संचालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, बैंकका पदाधिकारीहरु समस्त कर्मचारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्दै बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

दिनेश भारी
कम्पनी सचिव

अशोक कुमार अग्रवाल
अध्यक्ष

मिति : २०८३/०२/१८



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

3045454

अनुसूची-१

**एन आई सी एशिया बैंक लिमिटेडको अठ्ठाईसौं वार्षिक साधारण सभामा**
**अध्यक्ष श्री अशोक कुमार अग्रवालज्यूको मन्तब्य**

उपस्थित सम्पूर्ण आदरणीय शेयरधनी महानुभावज्यूहरुलाई नमस्कार ।

यस एन आई सी एशिया बैंकको २८ औं वार्षिक साधारण सभामा उपस्थित हुनु भई सभाको गरिमा बढाइदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, कर्मचारीहरु तथा उपस्थित समस्त महानुभावहरुलाई सधन्यवाद यस गरिमामय सभामा हार्दिक स्वागत गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरु, अब म बैंकको गत आर्थिक वर्ष २०८१/८२ को समग्र उपलब्धीहरु लगायतका विषयहरुको समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## अर्थतन्त्र, बैंकको उपलब्धि तथा भावी योजना

विश्व अर्थतन्त्रमा विगत केही वर्षहरु देखि आएको मन्दी, तत्पश्चात् विभिन्न देशहरु बिचको द्वन्दले कच्चा पदार्थ र सामानको अन्तर्राष्ट्रिय आपुर्तिमा कमी, मूल्यवृद्धि जस्ता समस्याहरु बढ्दै गए र सोही क्रममा देशको अर्थतन्त्र पनि व्यवसायको लागि अनुकुल हुन नसकेको दबाबपूर्ण स्थिति सिर्जना भयो । समीक्षा अवधि आ.व. २०८२ असार मसान्तमा यस बैंकको कुल कर्जा प्रवाह रु. २.३९ खर्ब, कुल निक्षेप रु. ३.२४ खर्ब, कुल सम्पत्ति रु. ३.७५ खर्ब रही खुद व्याज आम्दानी रु. १०.१३ अर्ब र शुल्क तथा कमिशन रु. १.२१ अर्ब रहेको थियो । बैंकको कर्जा नोक्सानी व्यवस्था अधिक भएको कारण खुद नोक्सानी रु. ३.८७ अर्ब र पूँजी पर्याप्तता अनुपात ११.४४% रहेको थियो ।

सन् २०३० सम्ममा यस बैंकलाई बर्तमान अवस्थाबाट पुनरुत्थान गराई वित्तीय परिसूचकहरु मजबुत बनाउने हाम्रो दृढ लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिको लागि बैंकले Corporate Governance, Brand Revival, Sustainable Growth, Cost Rationalization र Service Excellence लगायतका क्षेत्रहरुमा आफ्नो ध्यान केन्द्रित गरी बैंकको कर्जा पोर्टफोलियोलाई विविधीकरण गर्दै दीर्घकालीन व्यवसायिक वृद्धि हुने स्पष्ट आधारहरु तयार गरिने छ । बैंकको Product हरुलाई समय सापेक्ष र प्रतिस्पर्धात्मक बनाई ग्राहकवर्गलाई उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्ने र बैंकको मुनाफा बृद्धि गर्दै शेयरधनीहरुलाई अधिकतम प्रतिफल प्रदान गर्ने हाम्रो संकल्प रहेको छ ।

## पूँजी, निष्कृय कर्जा तथा संचालन खर्चको व्यवस्थापन

बैंकको प्रमुख चुनौतिको रुपमा देखापरेको निष्कृय कर्जाको व्यवस्थापनको लागि ठोस रणनीतिका साथ अगाडि बढ्ने, आय आर्जन गर्ने नयाँ क्षेत्रहरु पहिचान गरी मूख्य रुपमा बैंकको शुल्कमा आधारित आम्दानीहरु उल्लेखनीय रुपमा वृद्धि गर्ने र प्रविधिमा आधारित बैंकिङ्ग सेवाहरुलाई विस्तार गर्ने समेत हाम्रो रणनीति रहेको छ । साथै, बैंकले संचालन खर्च घटाउने नीति अनुरुप विभिन्न स्थानका ४४ शाखा कार्यालयहरु नजिकको शाखाहरुमा गाभी ३१६ शाखाहरु मार्फत सेवा प्रदान गरिरहेको र निरन्तर रुपमा निश्चित स्थानका शाखाहरु गाभ्दै शाखाको संख्या कम गर्ने रणनीति बनाएको छ । यसबाट बैंकको खर्च व्यवस्थापनमा उल्लेख्य रुपमा सुधार हुने अपेक्षा गरिएको छ ।

बैंकको पूँजी पर्याप्ततालाई व्यवस्थापन गर्न बैंकले २:१ (दुई बराबर एक) को अनुपातमा हकप्रद शेयर जारी गर्न नेपाल राष्ट्र बैंकबाट पूर्व सहमति प्राप्त गरि सकेकोमा यस सभामा सो को स्वीकृतिको लागि प्रस्ताव पेश गरिएको र रु ५ अर्बको अविमोच्य



**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank
3045455

NIC ASIA
एन आई सी एशिया बैंक लि.

असंचिति अग्राधिकार शेयर जारी गर्नका लागि नेपाल धितोपत्र बोर्ड समक्ष स्वीकृतिका लागि पेश गरिएको व्यहोरा यहाँहरुलाई जानकारी गराउँदै सो बाट बैंकले आगामी दिनहरुमा उचित जोखिम व्यवस्थापन गरी उल्लेखनीय नतिजा हासिल गर्ने विश्वास लिएका छौं ।

## संस्थागत प्रतिबद्धता

कर्मचारीहरुको वृत्ति विकास र स्तरोन्नति होस् भन्ने हेतुले बैंकले सो सम्बन्धी नीति नियमहरु समयानुकुल परिमार्जन गर्दै कर्मचारीहरुलाई पर्याप्त मात्रामा तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने विषय बैंकको प्राथमिकतामा रहेको छ ।

साथै प्रचलित ऐन, नियम एवं नियामक निकायहरुको निर्देशनहरुको पूर्ण पालना गर्ने, संस्थागत सुशासन कायम गर्ने तथा बैंकिङ्ग व्यवसायलाई निर्देशित गर्ने अन्तर्राष्ट्रिय नीति नियमहरुको समेत अनुपालना गर्दै मुलुकको आर्थिक उन्नति र समृद्धिमा सहभागिता जनाउदै ग्राहकवर्गलाई समय सापेक्ष अन्तर्राष्ट्रिय स्तरको नवीनतम बैंकिङ्ग सेवाहरु प्रदान गर्न प्रतिबद्ध छौं ।

बैंकले गत वर्षहरुमा वार्षिक साधारण सभा समयमा नै गर्दै आइरहेकोमा हकप्रद शेयर निष्काशनको लागि पूर्वसहमति लगायतका विविध कारणले समयमा साधारण सभा गर्न असमर्थ भएकोमा क्षमाप्रार्थी छौं । साथै, अब उप्रान्त समयमै साधारण सभा सम्पन्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।

अन्त्यमा,

आदरणीय शेयरधनी महानुभावहरु, बैंकको उद्धेश्य प्राप्तिमा योगदान दिनुहुने सञ्चालकज्यूहरु, प्रमुख कार्यकारी अधिकृतज्यू, व्यवस्थापन समिति लगायत सम्पुर्ण कर्मचारीवर्गलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै, आगामी दिनहरुमा समेत यहाँहरुबाट यस्तै साथ, सहयोग र योगदान निरन्तर रहिरहोस् भन्ने कामना गर्दछु ।

बैंकलाई मार्गनिर्देशन दिनुहुने नेपाल राष्ट्र बैंक, अन्य नियामक निकायहरु, शेयरधनी महानुभावहरु, ग्राहकवर्गहरु लगायत विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु प्रति हार्दिक आभार प्रकट गर्दै सबै सरोकारवालाहरुबाट भविष्यमा पनि निरन्तर सहयोग तथा सुझाव प्राप्त हुने पूर्ण विश्वासका साथ यहाँहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

श्री अशोक कुमार अग्रवाल

अध्यक्ष



ISO 9001 Certified Bank

3045456

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था